# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु
## लुम्बिनी प्रदेश

पत्र संख्याः २०८३/०८४
चलानी नम्बरः ३२५

मिति : २०८३।०५।१६

श्री सम्बन्धित सामुदायिक विद्यालयहरु सबै ।

विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विभाग को मिति २०८३।०५।०४ गतेको पत्रानुसार आगामी शैक्षिक सत्र २०८४ मा सार्वजनिक विद्यालयतर्क कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति उपलव्ध गराउने प्रयोजनका लागि विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ को उपदफा १ को खण्ड (क) वमोजिम चालु शैक्षिक सत्र २०८३ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट यसैसाथ संलग्न रहेको अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम भर्ने भराउने व्यवस्था गर्नु गराउनु हुन अनुरोध छ ।

१. PMT फाराम भर्ने भराउने प्रकृयाका लागिः

१.१ यस विभागको वेवसाइट https://cehrd.gov.np वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System IEMIS) को बेवसाइट https://emis.cchrd.gov.np मा गई PMT फाराम डाउनलोड गरी मिति २०८३।०६।०८ गतेभित्रमा फाराम भराई IEMIS प्रणालीमा प्रविष्टि गरिसक्नु गर्नुपर्ने छ ।

१.२ उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनु पर्ने छ ।

१.३ सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्ने छ ।

१.४ सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फाराम प्रधानाध्यापकले रुजु र सही छाप गरी स्थानीय तहमा प्रमाणीकरणका लागि पेश गर्नुपर्ने छ ।

१.५ विद्यालयले माथि उल्लिखित प्रक्रिया पुऱ्याई विद्यालयमा प्राप्त भएका PMT फारामहरू शिक्षा विभागको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी सम्पूर्ण सूचकाहरू भर्नु भराउनु पर्ने छ ।

**२. IEMIS मा PMT फाराम प्रविष्टि गर्नको लागिः**

२.१ यस विभागको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी Dashboard मा रहेको मेनुमा थिच्नुहोस् ।

२.२ PMT मेनुमा थिच्नुहोस् । त्यसपछि वर्षमा २०८३, कक्षामा ५ वा ८ छान्नुहोस् । Load मा थिच्नुहोस् ।

२.३ PMT फाराम भरेको विद्यार्थीको नामको दायाँतर्फ रहेको Action मा थिच्नुहोस् । PMT फाराम खुल्छ । तहाँ विद्यार्थीको प्रमाणित PMI' फाराममा भरेका विवरण हुबहु भर्नु पर्ने छ ।

२.४ PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम र सोको अभिलेख विद्यालयले सुरक्षित राख्नु पर्ने छ ।

२०८३।०५।१६
पूर्ण बहादुर बिश्वकर्मा
उप-सचिव

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np